# लोकतन्त्रमा सूचनाको हक

– विनयकुमार कसजू

*अब संसद वा जनताको नाममा गठित सरकारले के निर्णय गर्‍यो भनेर जनतालाई निर्णय सुनाएर मात्रै पुग्दैन । कुनै निर्णय किन र कसरी गरियो भन्ने कुरा पनि जनताले थाहा पाउनु पर्छ । लोकतान्त्रिक व्यवस्थामा जनताले आफ्ना प्रतिनिधिहरूका हरेक गतिविधि र निर्णयका बारेमा जानेर मात्रै पुग्दैन तिनले गरेका निर्णयहरू मन्त्रालयदेखि गाउँसम्म कसरी कार्यान्वयन भए भनेर जान्न पाउँछन् । आफूले तिरेको करबाट चल्ने र आफ्नो र देशको नाममा आउने सहयोग लिने हरेक संस्थाले कसरी काम गरिरहेका छन्, कति खर्च गरिरहेका छन् इत्यादि कुरा जान्ने अधिकार सम्पूर्ण नागरिकलाई छ ।*

संसदीय वा जनप्रतिनिधिहरूको शासन व्यवस्था सुरु हुनुभन्दा अघि युरोपका राजाहरू ईश्वरको नाममा शासन गर्थे । उनीहरूले आफूलाई ईश्वरको प्रतिनिधि भन्थे । आफूले गरेका कामको जवाफ जनतालाई दिनुपर्छ भन्ने कल्पना पनि गर्दैनथे । राजा र राज्यको कामकार्वाहीबारे जनताले जान्न पाउँदैनथे । बेलायती नमुनाको प्रतिनिधिमूलक प्रजातान्त्रिक व्यवस्था (संसदीय) प्रणाली भएपछि जनताले चुनेका प्रतिनिधि वा जनताको वारेसले गरेको निर्णय सर्वमान्य हुन थाल्यो । बेलायतका राजा वा रानीले जनप्रतिनिधि वा संसदले गरेको निर्णयमा सही मात्रै गर्थे । यसैले वेलायतमा राजाले गल्ती गर्दैन भन्ने भनाइ चलनचल्तीमा थियो ।

अहिले आएर यो बेलायती भनाइ असान्दर्भिक र गलत साबित भइरहेको छ । किन भने जनप्रतिनिधिहरूको सरकार र संसदले गरेको निर्णय पनि गलत हुनसक्छ । तिनीहरूले पनि गल्ती गर्नसक्छन् । असैले अब संसद वा जनताको नाममा गठित सरकारले के निर्णय गर्‍यो भनेर जनतालाई निर्णय सुनाएर मात्रै पुग्दैन । कुनै निर्णय किन र कसरी गरियो भन्ने कुरा पनि जनताले थाहा पाउनु पर्छ । लोकतान्त्रिक व्यवस्थामा जनताले आफ्ना प्रतिनिधिहरूका हरेक गतिविधि र निर्णयका बारेमा जानेर मात्रै पुग्दैन तिनले गरेका निर्णयहरू मन्त्रालयदेखि गाउँसम्म कसरी कार्यान्वयन भए भनेर जान्न पाउँछन् । आफूले तिरेको करबाट चल्ने र आफ्नो र देशको नाममा आउने सहयोग लिने हरेक संस्थाले कसरी काम गरिरहेका छन्, कति खर्च गरिरहेका छन् इत्यादि कुरा जान्ने अधिकार सम्पूर्ण नागरिकलाई छ ।

बीसौं शताब्दीको लोकतान्त्रिक व्यवस्थामा जननिर्वाचित विधायिका, विधायिकाप्रति उत्तरदायी कार्यपालिका/सरकार र स्वतन्त्र न्यायपालिका तथा यी तीन अंगबीच शक्ति सन्तुलन गर्नसक्ने संविधानलाई अनिवार्य ठानिन्थ्यो । साथै राज्यका सबै अंगले ठिकसँग काम गरिरहेका छन् कि छैनन् भन्ने निगरानी गर्न विचार र अभिव्यक्ति स्वतन्त्रता तथा स्वतन्त्र प्रेसको सुनिश्चततालाई आवश्यक सर्त मानिन्थ्यो । यसैले प्रेस स्वतन्त्रतालाई विशेष महत्व दिइएको थियो । प्रजातन्त्रको लामो इतिहास भएको संयुक्त राज्य अमेरिकामा प्रेसलाई संकुचित गर्ने गरी कुनै पनि कानुन बनाइने छैन भन्ने कुरा त्यहाँको संविधान (बिल अफ राइटको पहिलो संशोधन) मै उल्लेख गरिएको थियो । लोकतन्त्रमा जनमतको भूमिका र जनमत निर्माणमा प्रेसको महत्वलाई स्पष्ट पार्दै अमेरिकी पूर्व राष्ट्रपति थोमस जेफर्सनले भनेका थिए : "हाम्रो सरकारको आधार जनमत भएको हुँदा पहिलो लक्ष नै यसलाई ठिक ठाउँमा राख्ने हुनुपर्छ र यदि मलाई प्रेसबिनाको सरकार र सरकारबिनाको प्रेसमध्ये एउटालाई रोज्नु पर्‍यो भने म कत्ति पनि ढिला नगरी कन दोस्रोलाई रोज्नेछु ।"

जुन बेला जनप्रतिनिधिमूलक संसदीय व्यवस्था सुरु भएको थियो त्यस बेला यातायात र संचारका साधन र प्रविधिहरूको विकास भइसकेको थिएन । यातायाता र संचारको सबैभन्दा छिटो साधन घोडागाडी र परेवा थिए । त्यसैले त्यो बेला देशको ऐनकानुन, नीति बनाउन र देश चलाउने

जिम्मा जनताको वारेसलाई दिइएको थियो । उनीहरूले जनताको नाममा पाँच वर्षसम्म गरेका जुनसुकै निर्णय जनताकै निर्णय मानिन्थ्यो । तर अहिले युग फेरिइसकेको छ । भौतिक वाधाहरू र समयको दूरी अकल्पनीय मात्रामा घटेको छ भने मोबाइल फोन, इमेल, इन्टरनेटजस्ता झण्डै मनको गतिमा चल्नसक्ने सूचना र संचारका साधनहरू आम प्रयोगमा आइसकेका छन् । कुनै पनि नागरिकले आफ्नो विचार वा अभिमन कुनै ठाउँबाट पनि कुनै पनि बेला अभिव्यक्त गर्नसक्छ । नागरिकले कुनै पनि प्रकारको सूचना कुनै पनि स्थानबाट कुनै पनि बेला प्राप्त र प्रेषण गर्नसक्ने सजिलो र सस्तो प्रविधि प्रचलनमा आइसकेको छ ।

जनताले प्रेसको सहयोग बिना पनि राज्यका सबै अंगका गतिविधिहरूमाथि निगरानी गर्नसक्ने साधनहरूको विकास भइसकेको छ । अर्कोतिर आमसंचार माध्यमहरूको अत्यधिक व्यापारीकरण भएको र तिनमा जनसेवाको पक्ष हराउँदै गएको हुँदा प्रेसले राज्यको निगरानी गर्ने र जनताको सेवा गर्ने प्रेसको मौलिक चरित्र व्यवहारमा हराउँदैछ । यसबाहेक प्रेसका आफ्नै व्यावसायिक सीमा र आचार संहिता हुन्छन् । प्रेस सार्वजनिक हित वा सार्वजनिक चासोका क्षेत्रभन्दा बाहिर जान सक्तैन । प्रेसले हरेक व्यक्तिलाई उसँग सरोकारका सार्वजनिक निकायहरूबाट उसको व्यक्तिगत सूचना दिलाउन सक्तैन । यसैले सूचनाको हक पाउनका लागि जनता पूरै प्रेसमा निर्भर रहन सक्तैन, आफै प्रयास गर्नु पर्छ ।

सरकार, सरकारी कार्यालय, सार्वजनिक सरोकारका निकायहरूबाट सार्वजनिक तथा आफूसँग सरोकारका विषयका व्यक्तिगत सूचना प्राप्त गर्नका लागि प्रत्येक नागरिकलाई सूचनाका हक आवश्यक हुन्छ । जनताका सबै प्रकारका अधिकार बहाल गर्ने सबैभन्दा प्रभावकारी साधन 'सूचना पाउने हक' नै हो । सूचनाको हकले जनतालाई अरू हक प्राप्त गर्ने बाटो खोल्छ । अर्थात् अरू हक अधिकार प्राप्तिका लागि पनि सूचनाको हक आवश्यक हुन्छ । यसैले जनतालाई बलियो बनाउन सूचनाको हक नभई हुँदैन ।

नेपालको अन्तरिम व्यवस्थापिका संसदले सूचनाको हक ऐन २०६४ पारित गरेर ऐतिहासिक महत्वको काम गरेको छ । पाँच वर्षको एक पल्ट भोट हालेर प्रजातन्त्रको अनुभव गर्न वाध्य भएका नेपालीलाई अब कुनै पनि सरकारी तथा गैरसरकारी, सार्वजनिक चासोका निकायले गर्ने काम र खर्चको हिसाब जान्ने अधिकार प्राप्त भएको छ । यसका साथै आफूसँग सरोकारका विषयमा निकायबाट सूचना लिन पाउने हकसमेत प्राप्त भएको छ ।

सूचनाको हक ऐन २०६४ को ३ मा भनिएको छ : "(१) प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ । (२) प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ ।"

ऐनले दफा ४ मा सार्वजनिक निकायको दायित्व यसरी तोकेको छ : "(१) प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनु पर्नेछ । (२) उपदफा (१) को प्रयोजनका लागि देहायका काम गर्नु सार्वजनिक निकायको दायित्व हुनेछ :- (क) सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने , (ख) सूचनामा नागरिकको पहुँच सरल र सहज वनाउने, (ग) आफ्नो काम कारवाही खुला र पारदर्शी रूपमा गर्ने, (घ) आफ्ना कर्मचारीको लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने । (३) सार्वजनिक निकायले उपदफा (२) को खण्ड (क) वमोजिम सूचना सार्वजनिक, प्रकाशन वा प्रसारण गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चारका माध्यमबाट गर्नसक्नेछ ।"

दफा ५ मा सार्वजनिक निकायहरूलाई सूचनाको अद्यावधिक र प्रकाशन गर्न यसरी वाध्य परिएको छ : "(१) सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी

राख्नुपर्नेछ । (२) सार्वजनिक निकायले सम्भव भएसम्म यो ऐन लागू हुनुभन्दा कम्तीमा बीस वर्ष अघिसम्मका आफ्नो निकायसंग सम्बन्धित सूचना उपदफा (१) बमोजिम अद्यावधिक गर्नु गराउनु पर्नेछ । (३) सार्वजनिक निकायले सो निकायसँग सम्बन्धित देहायका सूचना सूचिकृत गरी प्रकाशन गर्नुपर्नेछ :- (क) निकायको स्वरूप र प्रकृति, (ख) निकायको काम, कर्तव्य र अधिकार, (ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण, (घ) निकायबाट प्रदान गरिने सेवा, (ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, (च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि, (छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी, (ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी, (झ) सम्पादन गरेको कामको विवरण, (ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद, (ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची, (ठ) आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरण, (ड) तोकिए बमोजिमका अन्य विवरण ।"

साथै उफदफा (४) बमोजिम "सार्वजनिक निकायले उपदफा (३) बमोजिमको सूचना यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र र त्यसपछि प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्नेछ ।"

उक्त ऐनमा प्रत्येक सार्वजनिक निकायमा सूचना प्रवाह गर्नका लागि सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने व्यवस्था छ । दफा ७ मा नागरिकले सार्वजनिक निकायबाट सूचना पाउने कार्यविधि स्पष्ट पारिएको छ ।

दफा ३० मा सार्वजनिक निकायबाट व्यक्तिगत सूचना पाउने व्यवस्था छ । दफा ३१ मा सूचनाको दुरूपयोग गर्न नहुने व्यवस्था छ भने ३२ मा सजाय र ३३ मा क्षतिपूर्तिको व्यवस्था गरिएको छ ।

ऐन बन्दैमा लागू हुन्छ र जनताले अधिकार पाउँछन् भनेर ढुक्क हुन सकिन्न । यसलाई जनतामा पुर्‍याउने, जनतालाई यसको महत्व बोध गराउने र यो ऐनले हामीलाई अधिकारसम्पन्न गराउँछ भन्ने विश्वास दिलाउने काम बाकी छ । सत्ता र शासक फेर्न बरु सजिलो हुने रहेछ प्रशासन र कर्मचारीतन्त्र फेर्न गाह्रो हुने रहेछ । चार पटक जनआन्दोलन भएर चार प्रकारका शासन व्यवस्था फ्याँकिए पनि नेपालको परम्परावादी र अपारदर्शी राज्य संचालन व्यवस्था र संयन्त्र फेरिएको छैन । आफूलाई मालिक र जनतालाई रैती ठान्ने राणाकालीन सोच अझै पनि विद्यमान छ । यसैले सूचनाको हकको कानुन यदि सही रूपमा लागू भयो भने यसले सबैभन्दा पहिले अपारदर्शी ब्युरोक्रेसीलाई लोकतान्त्रिक बन्न सघाउँछ । साथै शासक र नेतृत्ववर्गलाई जनउत्तरदायी बन्न बाध्य बनाउँछ । भ्रष्टाचारको महाजालबाट समाजलाई जोगाउन यो सार्थक उपाय हुनसक्छ ।

सूचनाको हकको कानुनले देशलाई लोकतन्त्रको बलियो आधार दिनसक्छ । सामन्तवादी शासनको हतियार बनेको गोप्यतालाई यसले चिर्न सक्छ । सरकारी कामको गोपनीयताको नाममा मौलाएको भ्रष्टाचारको जालोलाई यसले च्यात्न सक्छ । प्रतिनिधिमूलक संसदीय शासनमा, जहाँ जनताको अधिकार भोट खसाल्ने काममा सीमित हुन पुग्छ, सूचनाको हकले लोकतन्त्रमा जनताको भूमिका र सहभागिता बढाउनसक्छ । जनप्रतिनिधि र नेताहरूलाई निरंकूश बन्नबाट जोगाउन सक्छ । सरकार र शासकहरूलाई जनताप्रति उत्तरदायी बनाएर यसले लोकतान्त्रिक अधिकारहरू व्यवहारमा लागू गर्न गराउन महत्वपूर्ण भूमिका खेल्नसक्छ । वास्तवमा सूचनाको हकबिना जनताका अरू अधिकारहरू अधुरा हुन्छन् ।

धन्यवाद !

(नेपाल पत्रकार महासंघ, रासस इकाइको प्रकाशन विश्वग्राम (लेखहरूको संगालो) मा प्रकाशित । २०६५ असोज)